पत्रोत्तर प.सं, च.नं. र मिति उल्लेखित हुन अपेक्षित छ ।

दिप्रुङ चुइचुम्मा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

शिक्षा,युवा तथा खेलकुद शाखा

याङसोलाटार, खोटाङ

कोशी प्रदेश,नेपाल

पत्र संख्या:- २०७९/०८०

चलानी नं.:- ६८१

मिति: २०७९।१२।२१

"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास , समृद्धि र सुशासन"

श्री सम्बन्धीत सामुदायिक माध्यमिक विद्यालयहरु (सवै),

विषयः अन्तर स्थानिय तह स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्बन्धमा।

प्रस्तुत सम्बन्धमा आ.व. २०७९।०८० को अन्तर स्थानिय तह स्तरीय राष्ट्रपति रनिङ शिल्ड जिल्ला छनौट प्रतियोगिता यहि मिति २०७९।१२।२८/२९ र ३० गते श्री सरस्वती मा.वि. दिक्तेलको खेल मैदान माटिकोरेमा सञ्चालन हुने भएकाले यस गाउँपालिकाद्वारा सञ्चालन गरिएको अन्तर मा.वि. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०७९ मा खेलाइएका खेलहरुमा प्रथम तथा द्वितिय हुने तपशिलका विद्यालयहरुको जानकारीको लागि जिल्ला खेलकुद विकास समिति खोटाङको मिति २०७९।१२।१२ र च.नं. ६७ को पत्रको छायाँकपी यसै साथ संलग्न राखी जानकारी गराइएको छ।सम्बन्धित विद्यालयहरुले खेलाडी छात्र/छात्राहरुको -जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी, कक्षा -८ को प्रमाण पत्रको प्रतिलिपी र अनुसूची १ को प्रमाणित फाराम सहित मिति २०७९।१२।२६ गते दिनको ठिक १:०० बजे यस गाउँपालिकाको कार्यलयमा सहभागी खेलाडीहरु उपस्थित गराइदिनुहुन अनुरोध गरिन्छ।

तपशिल

१) भलिवल ( छात्र) प्रथम श्री सरस्वती मा.वि. डाडाँखर्क
२) भलिवल ( छात्रा) प्रथम श्री सरस्वती मा.वि. डाडाँखर्क
३) कबड्डी (छात्र) प्रथम श्री शान्ति मा.वी. छोरम्बु
४) कबड्डी (छात्रा) प्रथम श्री याङसोला मा.वि. याङसोला
५) १००*४ रिले दौड (छात्र) प्रथम श्री कृष्ण मा.वि. टेम्मा
६) १००*४ रिले दौड (छात्रा) प्रथम श्री कृष्ण मा.वि. टेम्मा
७) ४०० मि. दौड (छात्र) प्रथम श्री महेन्द्रोयदय मा.वि.ओखे
८) ४०० मि. दौड (छात्र) द्धितिय श्री कृष्ण मा.वि. टेम्मा
९)४०० मि. दौड (छात्र) प्रथम श्री सरस्वती मा.वि.कुलागाउँ
१०)४०० मि.दौड (छात्रा) द्धितिय श्री राम्चे निकेतन मा.वि. इजरा
११)२०० मि.दौड (छात्र) प्रथम श्री महेन्द्रोयदय मा.वि. याम्खा
१२)२०० मि.दौड (छात्र) द्धितिय श्री जनता मा.वि. वतासे
१३)२०० मि.दौड (छात्रा) प्रथम श्री सरस्वती मा.वि. कुलागाउँ
१४)२०० मि. दौड (छात्रा) द्धितिय श्री कृष्ण मा.वि. टेम्मा
१५) हाइजम्प (छात्र) प्रथम श्री शान्ति मा.वि. छोरम्बु
१६) हाइजम्प (छात्र) द्धितिय श्री शान्ति मा.वि. छोरम्बु
१७)हाइजम्प ( छात्रा) प्रथम श्री महेन्द्रोयदय मा.वि. ओखे
१८)हाइजम्प (छात्रा) द्धितिय श्री राम्चे निकेतन मा.वि. इजरा
१९)लङजम्प (छात्र) प्रथम श्री शान्ति मा.वि. छोरम्बु
२०)लङजम्प (छात्र) द्धितिय श्री महेन्द्रोदय मा.वि. याम्खा
२१)लङजम्प (छात्रा) प्रथम श्री याङसोला मा.वि. याङसोला
२२)लङजम्प (छात्रा) द्धितिय श्री कृष्ण मा.वि. टेम्मा
२३)सट्फुट ( छात्र) प्रथम श्री महेन्द्रोदय मा.वि. ओखे
२४) सट्फुट ( छात्र) द्धितिय श्री महेन्द्रोयदय मा.वि.याम्खा
२५) सट्फुट ( छात्रा) प्रथम श्री महेन्द्रोयदय मा.वि.ओखे
२६) सट्फुट ( छात्रा) द्धितिय श्री याङसोला मा.वि.याङसोला

मणिकुमार गिरी
शिक्षा शाखा संयोजक
शिक्षा संयोजक
दिप्रुङ चुईचुम्मा गाउँपा

अनुसुची - १

## सहभागी हुन भर्नुपर्ने फारामको ढाँचा

(नियम ४ को उपनियम (१) र उपनियम (६), ६ को उपनियम (१) र ८ को उपनियम (१) सँग सम्बन्धित)

### प्रतियोगितामा सहभागी हुन भर्नुपर्ने फारमको नमुना

(१) सहभागी विद्यार्थीको नाम :

(२) विद्यालयको नाम/ठेगाना :

(३) अध्ययनरत कक्षा :

(४) जन्म मिति :

(५) सहभागी हुने खेल :

(६) सहभागी हुने विद्यार्थीको हस्ताक्षर :

उल्लेखित व्यहोरा ठिक साँचो हो भनि प्रमाणित गर्ने,

| विद्यालयबाट छनौट भएमा | निर्वाचन क्षेत्रबाट छनौट भएमा | जिल्लाबाट छनौट भएमा | प्रदेशबाट छनौट भएमा |
|---|---|---|---|
| प्रधानाध्यापकको | आयोजक विद्यालयको प्र.अ.को | जिल्ला खेलकुद विकास समितिको कार्यालय प्रमुखको | प्रदेश खेलकुद विकास समितिको कार्यालय प्रमुखको |
| नाम : | नाम : | नाम : | नाम : |
| हस्ताक्षर : | हस्ताक्षर : | हस्ताक्षर : | हस्ताक्षर : |
| मिति : | मिति : | मिति : | मिति : |
| मोबाइल/फोन नं. : | मोबाइल/फोन नं. : | मोबाइल/फोन नं. : | मोबाइल/फोन नं. : |
| विद्यालयको छाप : | विद्यालयको छाप : | कार्यालयको छाप : | कार्यालयको छाप : |

**प्रदेश सरकार**

**सामाजिक विकास मन्त्रालय**

**प्रदेश खेलकुद विकास बोर्ड कोशी प्रदेश**

# जिल्ला खेलकुद विकास समिति

**खोटाङ**

**प.सं. : ०७९/८०**

**च.नं. :**

**मिति :- २०७९/१२/१२**

श्री दिप्रिङ चुइचुम्मा गाउँपालिका

..........................................................

**विषय :** खेलाडी सहभागी गराई दिने बारे ।

प्रस्तुत विषयमा जिल्लामा रहेका विद्यालयहरुलाई केन्द्र विन्दु बनाई उत्कृष्ट अनुशासित र सक्षम खेलाडीहरु तयार गर्ने उद्देश्य राखि नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयको आयोजना तथा राष्ट्रिय खेलकुद परिषदको संयोजकत्वमा यस समितिले यस आ.व. मा आयोजना गर्नु पर्ने अन्तर स्थानिय तह स्तरिय राष्ट्रपति रनिङशिल्ड जिल्ला छनौट प्रतियोगिता निम्न मिति, स्थान, र समयमा सञ्चालन हुन गईरहेको हुँदा उक्त प्रतियोगितामा खेलाडी सहभागी गराई दिनहुन हार्दिक अनुरोध छ ।

जिल्ला स्तरिय प्रतियोगिताको

मिति २०७९/१२/२८,२९ र ३० गते

स्थान : श्री सरस्वति मा.वि. दिक्तेलको खेलमैदान माटिकोरे

प्रतियोगितामा समावेश खेलहरुको विवरण - एथ्लेटिक्स (छात्र छात्रा), भलिबल (छात्र छात्रा), कबड्डी (छात्र छात्रा), कराते (छात्र छात्रा) र तेक्वान्दो (छात्र छात्रा)

खेल सम्बन्धी अन्य जानकारी / नियमहरु :

- सहभागी विद्यार्थीहरु यस शैक्षिक सत्रमा कक्षा १२ सम्म नियमित अध्ययनरत १८ वर्ष भन्दा मुनिका छात्र छात्राहरुले मात्र सहभागी हुन पाउने छन् ।
- एक खेलमा भागलिएको खेलाडी अन्य खेलमा भाग लिन पाउने छैन (एक खेल एक खेलाडी) हुनु पर्नेछ ।
- खेलमा सहभागी भई प्रथम, द्बितिय र तृतीय स्थान प्राप्त गर्ने विद्यालयलाई क्रमस रु १५०००।-, १२०००।- र ९०००।- नौं हजार नगद पुरस्कार सहित प्रमाण पत्रका साथमा प्रथम हुने विद्यालयलाई रनिङ शिल्डको समेत व्यवस्था गरिएको छ ।
- एथ्लेट्रिक्स खेलमा एक खेलाडीले एक फिल्ड दुई ट्रयाक वा दुई फिल्ड एक ट्रयाक गरी तीन खेलमा मात्र सहभागी हुन पाउने छन् । रिले खेलको हकमा माथिको नियम लागु हुने छैन ।
- विद्यालयबाट भाग लिने खेलाडीहरुले अनुसुचि १ बमोजिमको फारम भरि अनिवार्य रुपमा सम्बन्धीत विद्यालयका प्र.अ., प्रिन्सिपल र स्थानिय तहबाट छनौट भएमा व्यवस्थापन तथा निर्देशन समितिको संयोजक वा सदस्य सचिवबाट प्रमाणित गरी आयोजक समितिमा पेश गर्नु पर्ने छ अन्यथा खेलमा सहभागि हुन पाउने छैन ।

- जिल्ला स्तरिय प्रतियोगितामा सहभागी हुने खेलाडीले जन्म दर्ताको प्रमाण पत्रको छाया प्रति सम्लग्न गर्नु पर्ने छ।
- जिल्ला स्तरमा सहभागी हुन आउदा प्रत्येक स्थानिय तहबाट टिम ईभेन्समा एक एक टिम र अन्य ईभेन्समा बढिमा दुई दुई जना खेलाडी सहभागी गराउन सकिने छ।
- रनिङ्ग शिल्डमा समावेश सबै खेलको स्तर निर्धारण पहिलाको जस्तो अङ्कको आधारमा नभई प्राप्त पदक संख्याको आधारमा गरिने छ।
- यदि गैर खेलाडीलाई सिफारिस गरिएको खण्डमा प्राप्त स्थान र पुरस्कारहरु खोसिनुका साथै आगामि दिनमा आयोजना हुने कुनै पनि खेलकुद प्रतियोगितामा सहभागी हुन बाट बञ्चीत गरिने छ।
- भलिबल र कबड्डी खेल नकाउटको आधारमा खेलाईने छ।
- खेल शुरुहुनु पुर्व मार्चपास हुने भएको हुँदा सोको लागि आवश्यक पर्ने झण्डा तथा पोशाकको व्यवस्था गरि आयोजकले दिएको समयमा खेल मैदानमा खेलाडीहरु उपस्थित हुनु पर्ने छ।
- खेलाडी घाईते भएमा प्राथमिक उपचार गराईने छ।
- खेलमा बादविवाद आई दावी विरोध गर्नु परेमा रु १०००।- दस्तुर लाग्ने छ। दावी विरोध सहि भए सो रकम फिर्ता हुनेछ सहि नठहरिए सो रकम फिर्ता हुने छैन र दावी विरोध गर्दा खेल सकिएको १ घण्टा भित्र निवेदन साथ एथेष्ट प्रमाण बुझाउनु पर्ने छ।
- खेलाडीहरुलाई एकरुप, रङ्गको नम्बर सहितको खेल पोशाकमा खेलमैदानमा उपस्थित गराउने व्यवस्था स्थानिय तहले मिलाउनु पर्ने छ।
- प्रस्तुत प्रगियोगिता नियमित प्रतियोगिता भएकोले अघिल्लो बर्षको शिल्ड नै विजयी विद्यालयलाई रनिङ्ग शिल्डको रुपमा उपलब्ध गराईने छ तर एउटै विद्यालयले निरन्तर रुपमा ३ पटक रनिङ शिल्ड जितेमा सो शिल्ड उक्त विद्यालयले सधैका लागि राख्न पाउने छ।

प्रतियोगिता सम्बन्धी अन्य जानकारीको लागि कार्यालय प्रमुख मोवाईल नं. ९८६२८५२६४२ जि.खे.वि.स.सदस्य मोवाईल नं. ९८६२७४२८४६मा सम्पर्क गर्नु हुन हार्दिक अनुरोध छ।

बोधार्द श्रीमान संयोजक ज्यू
प्रदेश खेलकुद विकास बोर्ड कोशि प्रदेश

लिला भक्त केसी
कार्यालय प्रमुख
एवं
सदस्य सचिव
जिल्ला स्तरिय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता खोटाङ

छात्र - ९ जना मात्र
छात्रा - ९ जना मात्र

२. कबड्डी :

छात्र - ९ जना मात्र
छात्रा - ९ जना मात्र

३. एथ्लेटिक्स :

क. दौड (ट्र्याक) तर्फ :

छात्र : १०० मि., २०० मि., ४०० मि., ८०० मि., १५०० मि., ३००० मि., ४×१०० मि. रिले, ४×४०० मि. रिले ।
छात्रा : १०० मि., २०० मि., ४०० मि., ८०० मि., १५०० मि., ३००० मि., ४×१०० मि. रिले, ४×४०० मि. रिले ।

ख. उफ्रने र फ्याँक्ने (फिल्ड) तर्फ :

छात्र : हाइजम्प, लङजम्प, त्रिपलजम्प, ज्याभलिङ थ्रो ८०० ग्राम, सटफुट १२ पाउन्ड ।
छात्रा : हाइजम्प, लङजम्प, त्रिपलजम्प, ज्याभलिङ थ्रो ६०० ग्राम र सटफुट ८ पाउन्ड ।

मार्सल आर्ट तर्फ :

४. कराँते (सितेरियो)

छात्र : U-४२ केजी, U-४७ केजी, U-५२ केजी, काता एकल
छात्रा : U-४० केजी, U-४५ केजी, U-५० केजी, काता एकल

५. तेक्वान्दो

छात्र : U-४५केजी, U-४८ केजी, र U-५१ केजी
छात्रा : U-४२ केजी, U-४४ केजी, र U-४६ केजी